Pittsburgh Public Schools

नामस्कूलको

टाइटल

इमेल

फोन

अभिभावक हटलाइन:
412-529-HELP (4357)
www.pghschools.org

अगस्ट 30, 2022

प्रिय आमाबुवा तथाअभिभावकहरु:

2018 को ऐन 158 (Act 158) ले विद्यार्थीलाई राज्यव्यापी ग्राजुएसन आवश्यकताहरू प्राप्त गर्नका लागि तीनवटा इण्ड अफ कोर्स कीस्टोन परीक्षाहरू (अल्जीब्रा I, साहित्य र जीवविज्ञान) मा दक्षता हासिल गर्नको लागि पेन्सल्भेनियाको राज्यव्यापी आवश्यकताको विकल्पहरू दिन्छ। यो पत्र अधिनियम 158 र 2017 को ऐन 6 (Act 6) को कार्यान्वयनको परिणाम स्वरूप मार्गदर्शन प्रदान गर्न डिजाइन गरिएको हो, जसले क्यारियर र प्राविधिक शिक्षा (CTE) केन्द्रित विद्यार्थीहरूका लागि राज्यव्यापी ग्राजुएसनआवश्यकताहरू पूरा गर्न वैकल्पिक मार्गहरू दिन्छ।

पिट्सबर्ग पब्लिक स्कूलहरू 2023 को ग्राजुएसन हुने कक्षामा प्रभावकारी रूपमा, विद्यार्थीहरूसँग कलेज, करियर, र सामुदायिक तयारीलाई पूर्ण रूपमा चित्रण गर्ने चार अतिरिक्त मार्गहरूमध्ये एउटा मार्फत पोस्टसेकेन्डरी तयारी प्रदर्शन गर्ने विकल्प छ।

फेडरल एभरी स्टुडेन्ट सक्सेड्स एक्ट (ESSA) मा उल्लिखित जवाफदेहिता आवश्यकताहरू पूरा गर्न पेन्सल्भेनियाले प्रयोग गर्ने राज्यव्यापी मूल्याङ्कनको रूपमा कीस्टोन परीक्षाहरू जारी रहनेछन्। विद्यार्थीहरूले राज्यव्यापी ग्राजुएसनकाआवश्यकताहरू पूरा गर्न किस्टोन परीक्षाहरूमा सफलता ल्याउनआवश्यक नभएतापनि, विद्यार्थीहरूले संघीय जवाफदेहिता लागि कीस्टोन परीक्षाहरू दिनै पर्छ। त्यसो गर्न असफल भएमा स्थानीय शिक्षा एजेन्सी (LEA) र विद्यालयको सहभागितामा असर पर्नेछ।

2023 र त्यसपछिका विद्यार्थीहरूका लागि, राज्य उच्च विद्यालय ग्राजुएसनका आवश्यकताहरू पूरा गर्नका लागि पाँचवटा बाटोहरू उपलब्ध छन्:

- कीस्टोन प्रोफिसेन्सी
- कीस्टोन कम्पोजिट
- क्यारियर र प्राविधिक शिक्षा (CTE) कन्सनट्रेटर
- वैकल्पिक परिक्षण
- प्रमाणमा- आधारित

एक्ट 158को बारेमा थप जानकारीeducation.pa.gov मा पाउन सकिन्छ।

पिट्सबर्ग पब्लिक स्कूल प्रशासन, स्कूल काउन्सलरहरू, ट्रान्जिसनल काउन्सलरहरू, शिक्षकहरू, र अन्य कर्मचारीहरूले प्रत्येक विद्यार्थीसँग यो राज्यव्यापी हाई स्कूल ग्राजुएसनका आवश्यकताहरू पूरा गर्न प्रत्येक विद्यार्थीको लागि कुन बाटो उत्तम छ भनेर निर्णय गर्न विद्यार्थीलाई समीक्षा गर्न र मद्दत गर्न प्रत्येक विद्यार्थीसँग नजिकबाट काम गर्नेछन्।

धन्यबाद,

Rodney A. Necciai

डा. रोड्नि नचिआइ सहायक

Para asistencia con este documento
en español, por favor llame a la línea nueve al
412-529-6463 y seleccione la opción #1.

यो दस्तावेज सम्बन्धी सहयोगको निम्ती कृपया नाइन लाइन नम्बर
(४१२)५२९-६४६ मा फोन गरी अंक #२ चुन्नु होला।

Kwa msaada kwa nyaraka(document) hii katika Swahili, tafadhali piga msitari wa tisa 412-529-6463 kisha chaguwe uchaguzi la #3.

=如需获得本文件的中文帮助，请拨打电话
412-529-6463 致电九号线，并选择选项 #4

حصول على المساعدة باللغة العربية ، إضغطوا على #5

Чтобы получить помощь по этому документу
на русском языке, пожалуйста позвоните на
Девятую Линию 412-529-6463 и нажмите #8.

The Pittsburgh Public Schools does not discriminate on the basis of race, color, age, creed, religion, sex, gender (including gender identity or expression), sexual orientation, ancestry, national origin, marital status, pregnancy, or disability in its programs. activities or employment and provides equal access to designated youth groups. Inquiries may be directed to the Assistant Superintendent of Student Services at 341 S. Bellefield Avenue, Pittsburgh, PA 15213 or (412) 529-HELP (4357).

सुपरिटेन्डेन्ट विद्यार्थी
समर्थन सेवाहरू